होइन भनेर मानिसलाई आभास दिन सक्नुभएको छ? आफ्नो परिधिभन्दा बाहिर, स्थानीय चर्चमा तपाईंको चरित्रका बारेमा कस्तो प्रभाव अरूलाई पार्नुभएको छ? के तपाईंले ठूलाबडाहरूलाई प्रभावित पार्न खोजेझैं तल्लो दर्जाका मानिसहरूलाई पनि सकारात्मक प्रभाव पार्न राजी हुनुभएको छ? यस प्रश्नको जवाफले तपाईंको चरित्रमा के सुधार आउनु आवश्यक छ भनेर बताउँछन्?

ख पाँचौं बुँदाको कुरालाई ध्यान दिएर एक-आपसमा छलफल गर्नुहोस्, कुन अवरोधहरूले तपाईंको यात्रा परमेश्वरसँग असर पार्न सक्दछन्? सबैका जवाफहरूमा के समानता पाउनु भएको छ? अझ चुनौतीपूर्ण कुरा त, कसरी यी अवरोधहरूलाई हटाउन एक-आपसमा सहयोग गर्न सकिन्छ? के व्यावहारिक सुझावहरू एक-आपसमा बाँडन सक्नुहुन्छ?

गः प्रायजसो येशुले पहाडहरूमा समय बिताउनुभयो, पहाडहरूको छेउछाउमा शिक्षादीक्षा दिनुभयो भनेर मत्तीको पुस्तकमा उल्लेख गरेको पाउँछौं। अन्तमा उहाँ पहाडमै उहाँको रूप परिवर्तन भएको थियो (मत्ती १७:१-९)। जमीनको सतहभन्दा माथि जानुको तात्पर्य आफ्नो दैनिक जीवनमा सांसारिक परिधिबाट आफूलाई पार गरेर सर्वोच्च परमेश्वरको नजिकमा रहनु येशुको अनुभूति हो। तीव्र चालमा हाम्रो जीवन खाल्डोमा बिताउनु परेतापनि, हामी चर्चको हैसियतले परमेश्वरको काममा मिलेर कार्यगत एकरूपता ल्याई त्यस सतहबाट माथि उक्लिएर माथिल्लो क्षेत्रहरूमा प्रवेश गर्न के-के उपायहरू छन्?





# येशुको चालमा तीव्रता

**यस अध्यायका निम्ति पढ्नुहोस्:** मत्ती ४:४, लुका २:४०, ६:१२, युहन्ना ४:३४, युहन्ना १७, १ युहन्ना २:६।

**<u>स्मरण गर्नुपर्ने पदः</u>** "कोही उहाँमा रहेको छु भनेर दावी गर्दछन् भने उहाँकै चालमा हिँड्नुपर्दछ" १ युहन्ना २:६।

सेभेन्थ डे एडभेन्टिस्टहरू शान्तिप्रिय जनहरू हुन्। जब चर्च वा चर्चका कुनै व्यक्तिहरूका बारेमा सञ्चार माध्यममा उल्लेखनीय सकारात्मक समाचार छापे हामी सबै हर्षले विभोर भयौं किनभने सबैले हामीलाई राम्रो मानिसहरू भनेको मनपराउँछौं। तर एक दिन बिहानै उठ्दा कुनै अखबारले हामीहरू गए गुज्रेका, हारिएका, विद्रोही, समाजमा खलबल ल्याउने र अवाञ्छित वर्ग हो भनेर ठूला ठूला शीर्षकहरू छापे भने हाम्रो प्रतिक्रिया कस्तो होला? के परमेश्वरप्रति हाम्रो विश्वास र भरोसा यस्तो मजबुत छ जसले गर्दा अनेक आक्षेपहरूको बाबजुद पनि हामी अपराजित मनस्थितिमा रहन सक्दछौं? येशुले सहनुभएको अनेक आक्षेपप्रति हामी सराहना गर्दछौं, यद्यपि देशका उच्च पदाधिकारीहरू, सरकारी अदालत र सारा धार्मिक सभाले उहाँलाई सैतानले उत्प्रेरित भनेर अनेक किसिमले बदनाम, अपमान गरे पनि रत्तिभर बीचलित नभएर आफ्नो हृदयलाई थामी राख्दा कस्तो अनुभूत भयो होला सो सोच्ने हाम्रोलाई क्षमता छ?

अन्तमा आएर रोमी सुरक्षा फौजले उहाँलाई हातपात गरेको हामी देख्दछौंः "बैजनी रङ्गको वस्त्र उहाँलाई लगाइदियो, काँडाहरूलाई बटारेर मुकुट बनाएर उहाँको शिरमा जबर्जस्ती लगाईदियो। र हास्यास्पद रूपमा उहाँलाई सम्बोधन गरेर बेइज्जत गर्न थाल्यो, 'यहूदीहरूका महाराजा, जय होस् !' अनि बारम्बार उहाँलाई लट्ठीले उहाँको शिरमा बेसरी चुटेर उहाँको अनुहारमा थुके। उहाँका अगाडि उहाँलाई उपहास गरेर घुँडा टेकेर अभिवादन गरे....अनि क्रुस बोकाएर घोक्राउँदै उहाँलाई क्रुसमा टाँग्न लगे" (मर्कुस १५:१७-२०)।

अलिकति पनि बीचलित नभएर यस्ता शारीरिक र मानसिक घोर दुर्व्यवहार सहन उहाँलाई शक्ति कहाँबाट प्राप्त भयो? कुनै मानिसको अलिकति पनि सहानुभूति वा सहारा प्राप्त नगरी सारा संसार नै आफ्नो विरुद्धमा उठ्दा आफ्नो दृढतामा अडिग र शान्त भएर बस्ने हिम्मत कहाँबाट पाउने? येशुका लागि यसको जवाफ परमेश्वरसँग निरन्तर सम्पर्क नै थियो। परमेश्वरसँग आफ्नो चालमा तीव्रता ल्याउनु नै येशुको सत् थियो भन्ने यस अध्यायको अध्ययन विषय हो।

**१. येशुको प्रारम्भिक वा युवावस्था (लुका २:४०)**

येशुको प्रारम्भिक वर्षहरूका बारेमा हामीलाई कमै ज्ञान छ भनेर अगाडि हेरिसकेका छौं। उहाँको जन्म र बाह्र वर्षको उमेरमा मन्दिरमा जानुभयो भनेर उहाँको बालककालका बारेमा केही मात्रामा मात्र उल्लेख गरेको हामी पढ्छौं (लुका २)। अनि एक्कै चोटि तीस वर्षको हाराहारी उमेरमा युहन्नाबाट बप्तिस्मा लिएर उहाँ सार्वजनिक हुनुभएको थियो भनेर हामी पढ्छौं (लुका ३:२१-२३)।

परन्तु, येशुको जीवनमा कस्तो खालको आत्मिक जग बसालेको रहेछ भनेर हेर्दा उहाँको प्रारम्भिक बालककाल वा युवावस्थाका बारेमा केही न केही निष्कर्ष निकाल्न सक्दछौं। हाम्रै जीवनमा हेर्‍यौं भने पनि येशुले सार्वजनिक रूपमा प्रस्तुत गर्नुभएको दृढता, स्थिरता, सत् र सामर्थ्यता एकै रातमा भएको थिएन भनेर ठोकुवा गर्न सक्दछौं। उहाँको चालमा कुनै देखावटी, ढोंगीपना वा सतहमा मात्र धर्मी नदेख्ने भएकोले फेरि हाम्रै अनुभवले यो ठोकुवा गर्न सक्दछौं, उहाँ जे हुनुभयो त्यो परमेश्वरसँग तीव्र चालमा हिंडाइको उपज हो। लुका २:३९-५२ मा येशु मन्दिरमा तीन दिनसम्म त्यहाँका पण्डितहरू, पुरोहितहरू र धर्मविद् डाक्टरहरूलाई मुग्ध पारेका थिए भनेर उल्लेख गरिएको छ, सो पढ्नुहोस्। यी विवरणले येशुको बालककालमा कस्तो आत्मिक जग थियो र कस्तो परिस्थितिमा हुर्केको थियो भनेर हामीलाई बुझाउन खोज्दछ? फेरि उहाँका सांसारिक बुबाआमाले उहाँको स्याहारसम्भार र बालविकासमा कस्तो भूमिका लेखेको थियो भनेर यी पदहरूले बताउँछन्?



**उपसंहारः**

"प्रत्येक दिन एक घण्टा येशुको जीवनबारे ध्यान गरेमा हाम्रा लागि अत्यन्त उपयोगी हुनेछ। उहाँका बारेमा बुँदा-बुँदामा मनन गर्नुपर्छ, र हाम्रो कल्पनालाई येशुको हरेक दृश्यलाई बोध गराउनु पर्दछ। विशेष गरेर येशुका अन्तिम दिनहरूलाई हाम्रो ध्यान केन्द्रित गर्नुपर्दछ। जब हामीले उहाँको महान त्याग र बलिदानलाई सविस्तार ध्यान गर्दछौं, तव उहाँप्रति हाम्रो आत्मविश्वास सबल र अटल हुन्छ, हाम्रो प्रेम र स्नेहलाई स्फुर्ति प्रदान गर्दछ, र उहाँको आत्मासँग गहन सम्बन्ध राख्न अभिप्रेरित गर्दछ।"-एलेन जि ह्वाईट, "द पासोभर भिजिट," पृ. ८३, *द डिजाएर अभ् एजेज्।*

"येशुको बालककाल निष्कलङ्क रूपमा विकास नहोस, दोष रहित मानिस नहोस्, उहाँको सेवाकार्य शुद्ध र पवित्र नहोस् र उहाँले गर्नुहुने बलिदान खोटरहित नहोस् भनेर सैतानले हरतरहबाट भरमग्दुर कोसिस गरेका थिए। तर सैतान परास्त भएको थियो। उसले सैतानलाई पाप गर्न उक्साउन सकेन। उसले येशुलाई निरुत्साह गर्न सकेन, अथवा जतिसुकै कष्ट पाए तापनि संसारमा फत्ते गर्न आउनु भएको आफ्नो कामबाट सैतानले विचलित गर्न सकेन। मरुभूमिको परीक्षादेखि लिएर कलभरीको क्रुससम्म सैतानको बज्र उहाँमाथि थियो, तर जति उसको निर्दयता उहाँमाथि खनियो, त्यत्ति परमेश्वरको पुत्रले उहाँको पिताको हातलाई दृढतासँग समाति राख्नुभयो र आफू रक्तकुण्डको मार्गमा होमिनु भयो।"-एलेन जि ह्वाईट कमेन्टस्, *द एसडीए बाइबल कमेन्टरी,* ठेली ५, पृ. ११३०।

**चिन्तनमननः**

क मत्ती २२:१५,१६ लाई उद्घृत गर्दै मानिसहरूले येशुको सत्यनिष्ठा र इमानदारीलाई ईर्ष्या पूर्वक प्रशंसा गरेको पाउँछौं किनभने कुनै शक्ति र अधिकारवालाहरूले उहाँलाई हल्लाउन सकेको थिएन। तपाईंका बारेमा मानिसहरूले के भन्छन्? के तिनीहरूले तपाईंलाई त्यस्तै तवरले प्रशंसा गर्न सक्दछन्? के तपाई किनबेचको भक्तजन

तपाईं जहाँ भए तापनि, जुनसुकै संस्कारमा रहे तापनि तपाईं र परमेश्वरको बीचमा आउने अवरोधहरू के के छन् जसले गर्दा परमेश्वर तपाईंसँग नभएर टाडा-टाडा भएको आभास पाउनुहुन्छ? उदाहरणमाः के धेरै फुर्सदको समय? काम छैन, के गर्ने भनेर यताउति हल्लिएर जीवनलाई निरर्थक ठान्ने? धेरै अलमलमा परेकाले बाइबल पढ्न, सँगती गर्न वा प्रार्थना गर्न न्यून समय पनि निकाल्न नसक्नु? कामधाममा अति व्यस्तता? गाँस, बास, कपासका लागिमात्र धेरै बेफुर्सद नहुनु, आज खाएर भोलि के खाने भनेर फिक्री वा चिन्तामा जाकिरहनु, आदि? स्वविवेचना गरेर यी प्रसङ्गहरूलाई चिन्न सक्नुभयो भने तपाईंको आत्मिक जीवनमा खलल नपुऱ्याउन तपाईंले कुन व्यावहारिक कदम चाल्न सक्नुहुन्छ?

बिउको दृष्टान्तमा येशुले मत्ती १३:२२ मा भन्नुभएको छः "काँडाहरूमा छरिएको बिउ चाहिँ त्यो हो जसले परमेश्वरको वचन सुन्छ, तर यस संसारको फिक्री, र धन-सम्पत्तिको छलले वचनलाई बाधा दिन्छ, र त्यो फल नदिने हुन्छ।" येशुले यहाँ जे भन्नुभयो, के त्यसले हाम्रो जीवनको पर्दाफास गर्दैन र? माथिका सान्दर्भिक प्रश्नहरूलाई येशुले कसरी लक्षित गर्नुभएको छ? यी जिज्ञासाहरूप्रति परमेश्वर अनभिज्ञ नहुनुभएको होइन, तथापि उहाँका सामु हाम्रो कुनै बहानाले बैधता पाउँदैनन्। त्यसकारण परमेश्वरले हामीलाई दिनुभएको दक्षतालाई आत्मसात् गर्दै, दैनिक जीवनमा येशुको चालमा हिँड्नु आत्मिक जीवनको निर्णयात्मक माग हो। समय थोरै छ, हामी पनि त्यसलाई ख्याल गरेर तीब्र चालमा निरन्तर रूपमा परमेश्वरसँग हिँड्नु पर्दछ। हामीलाई येशुको छत्रछाँयाबाट विचलित बनाउन सैतानलाई हामीले किन अवसर दिने? याद गर्नुहोस्, येशुको समयमा विभिन्न व्यवसाय र पेसाका मानिसहरू कुनै गुफा वा जङ्गलको कुटीमा रहेर आफूहरू उहाँका भक्तजन भएको अनुभूत भएको थिएन। तिनीहरू जहाँ थियो, येशु त्यहिँ पुग्नु भयो र तिनीहरूलाई अनन्त जीवनको प्रत्याभूति दिनुभयो।कति मानिसहरू आफ्नो व्यवसायमा निरन्तरता दिएता पनि त्यसलाई येशु र आफ्नो बीचमा बाधक बनाएनन् ।



येशुको जन्मको विवरण पछि यही पदहरू मात्र छन् जसले उहाँको प्रथम तीस वर्षको कार्यकालका बारेमा उल्लेख गरिएको छ। यो रोचक विषय हो, किनभने येशुको अठार वर्षको अवधिका बारेमा बाइबलमा केही उल्लेख गरिएको छैन। अझ बाइबलका विद्वान्हरूका अनुसार सुसमाचारको अधिकांश सामग्रीहरू येशुको अन्तिम हप्ताको विवरणमा केन्द्रित छन् । यसले गर्दा सुसमाचारका पुस्तकहरूलाई येशुको जीवन कहानी नभनी "प्रचण्ड वेदनाको बखान" भने पनि हुन्छ। जुन रूपमा येशुका बारेमा सुसमाचारका पुस्तकहरूमा उल्लेख गरिएको छ त्यसले इसाई आस्थाका दुई निर्णायक घटनाहरूलाई केन्द्रित गरेर स्थलप्रकाश (स्पटलाइट) चम्काएको पाउँछौँः येशुको रहस्यमय र अद्भूत जन्म (अर्थात् उहाँको मानव अवतार), र उहाँको मृत्यु र पुनरुत्थानको महत्व। जगत्को इतिहासमा उल्लेखनीय यी दुई घटनाहरूका बीचमा येशुको निस्वार्थी सेवा र त्याग हामी देख्दछौं। जब हामीले ठीकसँग येशुको सार्वजनिक सेवाकार्यमा उहाँको समर्पणतालाई केन्द्रित गर्दछौं, यो परमेश्वरसँग उहाँको निरन्तर, गहिरो, व्यक्तिगत र तीब्र सम्बन्धको उपज हो भन्नुको निर्विकल्प छैन।

हाम्रै परिप्रेक्ष्यमा येशुको कथाबाट के महत्त्वपूर्ण तत्त्वहरू वा आचरणलाई हाम्रो आध्यात्मिक जीवनमा अपनाउन सक्दछौं?

**२. आफ्नो सेवाकार्यको आरम्भमा (मत्ती ४:४)**

बप्तिस्मा लिनुभएको लगत्तै ४० दिनसम्म प्रार्थना गर्न, यस संसारमा आउनु उहाँको लक्ष्यलाई सिंहावलोकन गर्न वा मानौं तपस्या गर्न यहुदाको मरुभूमीमा हराउनुहुन्छ। हुनसक्छ यस अध्ययनका कुनै पनि पाठकवर्गले यसको व्यक्तिगत अर्थ के होला भनेर सोच्न नसकेको हुनसक्दछ।सैतानसँग तीब्र रूपमा सामना गर्नु परेको, हाम्रो अनुभूतिलाई पार गर्ने आत्मिक ध्यान गर्नुपर्ने र परमेश्वरसँग घनिष्ठ सम्वन्ध राख्न प्रयत्नशील हुनुपर्ने येशुको अनुभूतिले हामीलाई वाल्ल पार्दछ।

जसले जे भनेतापनि अनकन्टार मरुभूमीमा उहाँ जानुको ध्येय आफूलाई परीक्षामा समावेश गर्नु हो (मत्ती ४:१, लुका ४:२), र सैतान

त्यस मौकाको फाइदा उठाउन हतारमा र नजिकै थियो। येशुको अति भोकलाई साधन बनाएर उहाँ र उहाँको परमेश्वर पिताका बीचमा फाटो ल्याउन, परमेश्वरसँग कडा पकडलाई बिछोड ल्याउन, परमेश्वरसँग हिंडेको तीब्र चाललाई टुक्राउन र परमेश्वरसँग घनिष्ठ रूपमा पारस्परिक सम्बन्धलाई आघात पुऱ्याउन सैतानले भरमग्दुर कोसिस गरे।

तर सैतानले येशुमाथि लिएको आक्रामक नितिलाई उहाँले कसरी प्रतिकार गरे जसले गर्दा उहाँको सम्बन्धमा परमेश्वरसँग कस्तो तीब्रता थियो भनेर दर्शाउँछ? हाम्रै जीवनमा येशुको नीतिलाई कसरी लागू गराउनुपर्दछ वा गराउन सक्दछौं?मत्ती ४ः३-१,लुका ४ः१-१२।

येशु र सैतानको बीचमा के भइरहेको छ सो बुझ्न मुक्तिको सम्पूर्ण योजनामा उहाँको विशेष भूमिकाका बारेमा ख्याल गर्नु अति जरुरी छ। उहाँ परमेश्वर पिताको निष्कलङ्क, कञ्चन र निर्मल प्रिय पुत्र हुनुहुन्थ्यो। मानव संसारमा मानव रूप धारण गरेर आउँदा कुनै पनि पापको दायराबाट आफूलाई पार गरीराख्नु पर्दथ्यो। यो स्थिति केवल एक दिनका लागि नभएर यस संसारमा आफ्नो सम्पूर्ण कार्यकाल अवधिमा पालन गर्नुपर्दथ्यो। हामीले जस्तै उहाँले सङ्घर्ष गर्नुपर्दथ्यो, हामीले सामना गर्नु पर्ने सबै परीक्षा, मोह, लोभ, पाप कर्मको प्रवृत्तिलाई उहाँले पनि मुकाबला गर्नु परेकोथियो, यद्यपि उहाँ तिनीहरूबाट निष्कलङ्क र शुद्ध भएर बस्नुपरेको थियो। मानौं हामी तेत्तीस वर्षसम्म कम्प्युटरमा बसेर लेखहरू लेख्दा, गृहकार्य गर्दा, चिट्ठी पत्रहरू आदानप्रदान गर्दा अलिकति पनि भूल नगरी, मेटाउने 'कि'लाई भविष्यमा हाम्रो सामग्रीलाई प्रचलनमा नल्याउन थिच्नु नपरेको जस्तै हो; वा हिसाब, भौतिक विज्ञानलाई अध्ययन गरेपछि जाँचमा एक अक्षर पनि भूल नगरी सतप्रतिशत अंक हासील गर्नु हो; वा तैंत्तीस वर्षसम्म पियानो आदि बाजा कहिल्यै पनि गलत ताल नबजाई त्यसमा दक्षता हासिल गर्नु जस्तै हो।

जानजान येशुले त्यस्तै सिद्धतामा रहन आफू होमिनुभएको थियो।याद गर्नुहोस्, येशु केवल निःस्वार्थी जीवन बिताएर हाम्रा लागि उदाहरण वा आदर्श व्यक्ति हुन, उच्च उपदेश दिन, मानिसलाई मार्ग दर्शक बन्न वा कुनै महात्मा हुन आउनुभएको थिएन, तर निष्कलङ्क



अपेक्षित गरिएको छ, जसले उहाँको भक्तजन हुनको विकल्प छैन भनेर देखाउँछ? हुन त हामीले अगाडिका पाठमाहरूमा हेऱ्यौं, येशुले जे—जे गर्नुभयो हामीले गर्न सक्तैनौं र गर्न पनि हुँदैन, यद्यपि उपर्युक्त कथनलाई हाम्रो जीवनमा कसरी उतार्न सकिन्छ? कुन तरिका वा पथमा हिंड्दा येशुको चालमा हामी चलेको भनेर प्रत्याभूति पाउन सक्दछौं?

परमेश्वरसँगसँगै हिंड्नु भन्ने तर्कका जराहरू प्राचीन समयदेखि फैलिएका थिए। स्पष्ट रूपमा बाइबलमा यो कथनलाई उल्लेख गरिएको सायद उत्पत्ति ५ः२२,२४ नै हुनुपर्दछ। पद २४ ले भन्दछः "हनोक परमेश्वरसँग हिंड्नुभयो; अनि ऊ अल्पियो, किनभने परमेश्वरले उसलाई लिएर जानुभयो।" हिब्रु भाषामा *हिंडेको* शब्दको अर्थ निरन्तर रूपमा, हरदम हिंडनु भनेर बताइन्छ। यसको मतलब कोही मानिस केवल क्षणिक वा मौसमअनुसार या जोशको पोसाक लगाएर साधु बनेर चल्नु होइन, तर सबै परिस्थितिमा परमेश्वरको उपस्थितिको आभास पाएर उहाँको चालमा चल्नु हो। हनुक हामीजस्तै मानिस नै थियो। उसले ६५ वर्षको बुढेसकालमा लामो आयु हुने मेथुसलालाई जन्माए। ३६५ वर्षसम्म परमेश्वरसाथसाथ हिंडेको थियो। त्यही दौरानमा धेरै छोराछोरीहरू उनले जन्माएका थिए। उनका कति दोषहरू पनि थिए होलान्, कति संघर्षहरू गर्नु परे होलान्, यद्यपि त्यसका बाबजूद पनि निरन्तर रूपमा अविचलित भएर परमेश्वरसँगसँगै ऊ हिंडेको थियो। अनि अचानक ३६५ वर्षको उमेरमा ऊ परमेश्वरसँग अन्तर्ध्यान भए।

इसाई हुँ भनेर दावी गर्ने र येशुको पछि लाग्छु वा उहाँको चालमा हिंड्छु भनेर वचनबद्ध हुनुमा भिन्नता सारा मानिस र जगतले हेरिरहेका हुन्छन्। विश्वको अधिकांश आस्थाका मानिसहरू इसाई भनेर धार्मिक आँकडामा जनाएतापनि तिनीहरू मध्ये कतिले हनोक जस्तै येशुसँगसँगै हिंडेको होला भन्ने कुरालाई सोच्नु नै पर्दछ। प्रभुको वचनलाई आत्मसात् गर्ने सबैलाई हनोक जस्तै परमेश्वरकोसाथसाथ हिंड्न अवसर दिएको छ। तर, उहाँको र हाम्रा बीचमा अरू कुराहरूलाई प्राथमिकता दिन थाल्यौं भने येशुको चालमा हिंड्नु भनेको केवल प्रवचनमा मात्र सीमित रहनेछन् वा रहिरहेका छन्।

अनुरोध गरिएको थियो (युहन्ना १२:२०-२२)। उनीहरूको अनुरोधले परमेश्वरको राज्यको सुसमाचार इजरायलको सिमानाबाट पार गरेर संसारको कुनाकुनामा फैलिने सम्भावनाको आभास येशुले पाएर भावविभोर हुनुभएको थियो। यहूदीहरूको जातीय भावनाले परमेश्वर र मानिसका बीचमा ठूलो पर्खाल खडा गरेको थियो। जब गैर-यहूदी र गैर-इजरायली युनानी वा ग्रीकहरूले येशुलाई भेट्न उत्सुकता देखाए, तिनीहरूबाट अब येशु व्यक्तिगत तवरले आफू समावेश भएर परमेश्वरको लक्ष्य हासिल गर्न ढोका खोलेको पाउनुभएको थियो। यद्यपि येशु आफै भौतिक रूपमा इजरायलको सीमा नाघेर संसारको कुनाकाप्चामा जाने भनेको होइन, किनभने यसो गर्दा येशुको मूल लक्ष्यको बिपरीत हुनसक्दछ। याद गर्नुहोस्, उहाँ केवल प्रचार गर्न मात्र होइन तर सारा संसारको लागि जीवन दिन आउनुभएको थियो। यस संसारलाई सैतानले अपहरण गरेको छ। त्यसलाई छुटाउन उहाँको मृत्युको विकल्प थिएन। गहुँको बिउ जमिनमा परेर नमरुन्जेल त्यसबाट अरू गहुँहरू फल्दैनन् भनेर प्रभावशाली उपमा दिनुभएर (पद २४) येशुले आफ्नो मृत्युको घोषणा गर्नुभएको थियो। अनि विश्वासीहरूका लागि यो अत्यन्त अर्थपूर्ण र सान्दर्भिक पनि हुन आउँछ किनभने उहाँलाई पछ्याउनेहरूबाट उहाँले यो अपेक्षा गर्नुभएको छ, त्यो हो जसले परमेश्वरको इच्छा पूरा गर्न आफूलाई पूर्ण समर्पण गर्दछ, उसले जुनसुकै व्यक्तिगत जोखिममा पर्न र मूल्य तिर्न पनि तयार हुनुपर्दछ।

येशुलाई पछ्याउँदा तपाईंले के मूल्य चुकाउनु भएकोथियो, त्यसको व्यक्तिगत अनुभव के तपाईंलाई भएको छ? जतिसुकै महँगो भए तापनि येशुको जीवनमा समावेश हुँदा हामीले चुकाएको मूल्य नगन्य नै छन् भनेर के तपाईंले आभास पाउनुभएको छ?

**५. वर्तमान परिप्रेक्ष्यमा पनि जीवित परमेश्वरसँगसँगै हिँड्नुको आभास (१ युहन्ना २:६)**

उपर्युक्त पदमा भनिएको छ, “उहाँमा रहन्छु भन्ने व्यक्ति आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ।" यसमा के तत्त्वलाई निर्देशित वा



रूपमा रहेर यस ग्रहलाई मुक्ति दिन बलि हुन आउनुभएको थियो। त्यसकारण उहाँको सम्पूर्ण एकाग्र ध्यान परमेश्वरमा हुनु, उहाँ परमेश्वरले निर्देशित चालमा प्रबल तवरले हिँड्नुको विकल्प अरू केही थिएन। उहाँले कहिल्यै पनि भाग्यको भरोसा भनेर त्यसमा भर पर्नुहुन्नथ्यो, मौका अनुसार चल्नु वा संयोगको भर पर्नु उहाँका लागि खतरा थियो। अलिकति गलत कदम गर्नु भयो भने सारा मुक्तिको महान् योजना चकनाचुर हुन्थ्यो।

जीवन भर कहिल्यै पाप नगर्नु वा गलत विचारमा नफस्नु कस्तो होला, के तपाईंले सोच्नुभएको छ? धर्मपरायणताको (righteousness) परिभाषा त्यही हो। परमेश्वरको सम्मुख काही पनि सिद्ध भएर निष्कलङ्कित् भएर उठ्न सक्दैन, यद्यपि येशुले त्यही जीवन बिताएर हाम्रो लागि उभिदिनुभयो। कुनै पनि हाम्रो धर्म र कर्मले हामीलाई मुक्ति दिन सक्दैनन्, नत्र हामी घमण्डले फुल्थ्यौंहोला, अरूलाई होच्याउँछौं होला। तर हामीले केवल उहाँको त्याग र बलिलाई ग्रहण गर्दा अनन्त जीवनको प्रत्याभूति उहाँको आगमनमा मात्र होइन अहिल्यै पनि पाउन सक्दछौं भन्ने प्रबुद्ध ज्ञानप्रति के हामी कृतज्ञ हुनु पर्दैन र?

**३. येशुको प्रार्थनाको जीवन (लुका ६:१२)**

प्रभु येशु प्रार्थनाको निम्ति जिउनु भयो। हामीले अगाडि हेऱ्यौं, उहाँले विस्तृत समय निकालेर विशेष प्रार्थना गरी र परमेश्वरसँग निकटतम रहेर सार्वजनिक सेवाकार्यको आरम्भ गर्नुभएको थियो। जब उहाँ यसरी प्रार्थनामा तल्लीन भएपछि मानवसमक्ष शक्तिको अधिक ऊर्जा (सुपरचार्ज) प्राप्तगरेर आउनुभयो भनेर बाइबलमा उल्लेख गरिएको छ, किनभने उहाँ जीवित परमेश्वरसँग आफूलाई समायोजन गर्नुभएको थियो (लुका ४:१४)। परमेश्वरतिर आफ्नो शिर नउठाई वा स्वर्ग र आफूलाई निकटतम् सम्बन्ध नराखी एक निमेष पनि हिँड्नु उहाँको लागि अस्वाभाविक हुन्थ्यो। उहाँको जीवन निरन्तर रूपमा परमेश्वर पितासँग सम्पर्क रहे तापनि हरेक महत्त्वपूर्ण काम र विस्तारलाई उहाँले परमेश्वरसँग विशेष अनुनयात्मक प्रार्थनाबाट सुरु गर्नुभएको थियो।

महत्त्वपूर्ण कामकार्य सम्पन्न गर्दा, तनाव र खतरा उत्पन्न भएको बेला येशुले परमेश्वरसँग अगुवाइ, निर्देशन र सामर्थ्यको लागि कस्तो भरोसा राख्नुभएको थियो भनेर देहायका केही पदहरूले बताउँछन्। कुन विशेष परिस्थितिमा सामना गर्न येशुले आफ्ना पितासँग सामर्थ्यको लागि प्रार्थना गर्नुभएको थियो? मत्ती१४:२३(२४-३३ सँग दाँज्नुहोस्),लुका ६:१२(१३-१६सँग दाँज्नुहोस्), र युहन्ना१७ (१८:१-३ सँग दाँज्नुहोस्)

बिहान सबेरै उठेर एकान्त ठाँउमा गएर प्रार्थना गर्न जानु एक पटक मात्र होइन, बरु येशुको बानी नै थियो भनेर मर्कुस १:३५ ले आभास दिँदछ। हरेक दिन परमेश्वरबाट उहाँले दिनचर्या सुरु गर्नु भयो। तर विशेष आवश्यकता परेको बेला उहाँको तालमा बृद्धि भएको पाउँछौं। धेरै अनुयायीहरूबाट बान्ह जनालाई बिशेष चेलाहरू रोज्न येशुले रातभर एकान्त पहाडमा गएर रातभर प्रार्थना गर्न जानुभएको थियो भनेर लुका ६:१२ ले उल्लेख गर्दछ (हेर्नुहोस् लुका ६:१३)। सबैलाई वाल्ल पार्ने गरी पानीमा हिँड्नु अगावै येशुले आफ्नो पितासँग गहन सम्बन्ध राख्न समय लिनुभएको थियो। अनि क्रुसको सामना गर्न प्रचण्ड वेदनाको अनुभूति भएको समयमा पनि आफ्ना चेलाहरू र संसारको अन्तसम्ममा उहाँका भक्तजनहरूका लागि येशुले विनयात्मक प्रार्थना गर्नुभएको थियो।

युहन्ना १७मा उल्लेखित येशुको उल्लिखनिय महान् प्रार्थनाको पुनरावलोकन गर्नुहोस्। येशु गहनसँग परमेश्वरको साथसाथ हिँड्नु भएको भन्ने कुन तत्त्वहरूलाई तपाईं यहाँ पाउनुहुन्छ? तपाईंकै जीवनमा कुन परिस्थितिले घुँडा टेक्न बाध्य पार्दछ? तपाईंको जीवनमा प्रार्थनाको सतले तपाईंलाई थामिराखेको थियो भन्ने अनुभूत कहिल्यै भएको थियो? तपाईंको प्रार्थनामय जीवनमा तीव्रता दिन के सुधार गर्नु पर्दछ?

**४. आफ्नो लक्ष्य हासिल गर्न येशुको चालमा तीव्रता (युहन्ना ४:३४)**

अमेरिकाका प्रख्यात कवी रोबर्ट फ्रस्टको लागि जङ्गलहरू "रमणीय, अन्धकार र  घना" थिए, तर ऊ भन्दछ,"तर सुत्नुभन्दा अगाडि मेरो लक्ष्य पूरा गर्न, माइलौं माइल हिँड्नुपर्दछ।"



वरिपरी अन्धकार जङ्लको चक्रव्यूहमा आफू परेको निरन्तर आभास येशुले पाउनु भएको थियो। उनले जीवनभर यही परिस्थितिमा गुजार्नुपरेको थियो। त्यो जङ्गल घना थियो तर कहिल्यै पनि रमणीय थिएन। कविले भनेको जस्तै थोरै समयमा धेरै काम सम्पन्न गर्नुपर्छ, त्यसकारण सुत्नु अगावै माइलौं माइल हिँड्नुपर्छ भनेर येशुले आफूलाई सचेत गराउनुभएको थियो।"दिन भएको बेलामै मलाई पठाउनु हुनेको काम सम्पन्न गर्न जरुरी छ," उहाँले भन्नु भयो, "रात आउँदै छ जब कसैले पनि काम गर्न सक्दैन" (युहन्ना ९:४)। यो चालको तीव्रता येशुले सामरी महिलासँगको भेटघाटमा भएको पाउँछौं। आत्मिक रूपमा भोकाएको यस स्त्रीका अगाडि उहाँले आफ्ना सबै भोक र तिर्खालाई चट्टकै बिर्सनुभएको थियो र आफ्नो लक्ष्य पुरा गर्न आफ्ना सामुन्ने जुन अवसर पाउनुभएको थियो, त्यसलाई सिद्ध गर्न आफूलाई सम्पूर्ण रूपमा तल्लीन हुनुभएको थियो।

त्यस महिला र येशुका बीचमा छलफल भइरहेकै बेला उहाँका चेलाहरू बजारबाट आइपुग्छन्। येशुको कुरामा जागृत भएर त्यस महिलाले आफ्नो गाग्री ईनारमै छोडेर दौडँदै गाउँमा गएर सबै मानिसहरूलाई आफ्नो चरित्रलाई उजागर गर्ने तर कहिल्यै नभेटेको एकदम उल्लेखनीय व्यक्तित्वका बारेमा समाचार फैलाउँछिन्। येशुका चेलाहरूले उहाँ चुपचाप रही ध्यानमग्न अवस्थामा आफ्नो सम्पर्कमा आएको नयाँ स्त्रीबाट परमेश्वरको लक्ष्य सम्पन्न होस् भनेर प्रार्थनामा लाग्नुभएको भेट्टाउँछन्। भोकै रहनु भएका येशुलाई खान अनुरोध गर्दा उहाँ के जवाफ दिनुहुन्छ? युहन्ना ४:३२-३४)। उहाँले व्यक्त गरेका वचनहरूलाई हामीले कसरी बुझ्ने? यसबाट हाम्रो प्रयोजनका लागि के शिक्षा लिन सक्दछौं? यी पदहरूले आफ्नो लक्ष्य पूरा गर्न येशुको जोश कस्तो तीव्र थियो भनेर बताउँछन्? युहन्ना ९:१-१२, ३५-३९, १२:२७-३६

अत्यन्त भावुक भएर व्यक्त गर्नु भएका उपर्युक्त अन्तिम पदहरू अति अर्थगर्भित छन्। यो उद्गार त्यसबेला येशुले व्यक्त गर्नुभएको थियो जब पाश्चात्य मूलका ग्रीक वा युनानीहरूले येशुलाई भेट्न